# गरिब तथा विपन्न वर्गलाई केन्द्रीय अस्पतालहरूबाट प्रारम्भिक चरणको आकस्मिक स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७७

**प्रस्तावनाः**मौलिक हक र कर्तव्य अन्तर्गत स्वास्थ्य सम्बन्धी हकले प्रत्याभूत गरेको आकस्मिक स्वास्थ्य सेवा बाट कसैलाई पनि बन्चित गरिने छैन भन्नेसंवैधानिक व्यवस्थालाई जन स्वास्थ्य सेवा ऐन २०७५ को दफा ४ बमोजिम र सोही ऐनको दफा ६४ ले दिएको अधिकार प्रयोग गरी गरिब तथा विपन्न वर्गलाई अस्पतालहरूबाट प्रारम्भिक चरणको आकस्मिक स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने उदेश्यले यो कार्यविधि तयार गरी लागू गरिएको छ।

## १. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम "गरिब तथा विपन्न वर्गलाई केन्द्रीयअस्पतालहरूबाट प्रारम्भिक चरणको आकस्मिक स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७७" रहेको छ।

(२)यो कार्यविधि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुने छ।

## २. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"केन्द्रीय अस्पताल" र "प्रादेशिक अस्पताल"**भन्नाले *अनुसूची 1* मा तोकिएका केन्द्रीय र प्रादेशिक अस्पतालहरू भन्ने सम्झनुपर्छ।

(ख) **"गरिब तथा विपन्न वर्ग** "भन्नाले नेपाल सरकारले जारी गरेको गरिब परिवार परिचयपत्र वाहक नागरिक,विपन्न नागरिक सिफारिस पत्र वाहक नागरिक सम्झनुपर्छ। यसले आकस्मिक उपचार सेवा लिन आउँदा बखत उपचार खर्च नभएका सेवाग्राहीहरू, साथमा कोही पनि नभएका सेवाग्राहीहरू, तेस्रो व्यक्तिले ल्याएका सेवाग्राहीहरू वा बेवारिसे समेतलाईजनाउँछ ।

(ग) **"मन्त्रालय"** भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनुपर्छ ।

(घ) **"विभाग"** भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको स्वास्थ्य सेवा विभाग सम्झनुपर्छ।

(ङ) **"महाशाखा"** भन्नाले स्वास्थ्य सेवा विभाग अन्तर्गतको उपचारात्मक सेवा महाशाखा सम्झनुपर्छ ।

(च) **"प्रारम्भिक चरणको आकस्मिक स्वास्थ्य सेवा** " भन्नाले , आकस्मिक घटना वा आपतकालीन अवस्थामाबिरामीको जीवन वा अंग जोखिम मुक्त गरि बिरामीलाई स्थिर बनाउन,आकस्मिक कक्षमा गरिने definitive care बाहेकको,तत्काल(केही घण्टासम्म) दिनुपर्ने अत्यावश्यक औषधि उपचार र निदानात्मक सेवा भन्ने बुझ्नु पर्छ।

## ३.कार्यक्रम संचालन प्रक्रिया :

(१) यस कार्यक्रमलाई चाहिने आवश्यक जनशक्ति,औषधि तथा उपकरण र अन्य सामाग्रीहरूको व्यवस्था अस्पतालले गर्नु पर्नेछ।

(२)आकस्मिक कक्षमा आएका गरिब तथा बिपन्न वर्गका सेवाग्राहीहरूलाई प्रारम्भिक चरणको आकस्मिक स्वास्थ्य सेवा निःशुल्क प्रदान गर्नु पर्दछ ।

(३)बिरामी स्थिर भइसकेपछि आवश्यकता अनुसार discharge / वार्डमा भर्ना/ शल्यक्रिया/आइ.सी.यु. वा प्रेषण गर्नु पर्ने प्रकृया अगाडि बढाउनु पर्दछ।

(४)यो कार्यक्रम अस्पतालमा विद्यमान **"सामजिक सुरक्षा इकाई"** संग आबद्ध भएर परिचालन गर्नु पर्नेछ।

(५)**छाप लगाउने** :यस कार्यक्रमबाट सेवा लिएका सेवाग्राहीहरुको पुर्जामा *अनुसूची २* बमोजिमको लोगो भएको छाप लगाई सेवा पाएको सुनिश्चित गर्नु पर्नेछ।

(६)**प्रेषण:**बिरामीलाई प्रेषण गर्दा प्रेषण गरिने अस्पताल संग समन्वय गरी मात्र गर्नु पर्दछ।

(७)**अभिलेख:**सेवाको अभिलेख *अनुसूची ३* बमोजिम उपचार गर्ने चिकित्सक/स्वास्थ्यकर्मीले प्रमाणित गरि राख्नुपर्दछ।

(८) **भुक्तानी प्रक्रिया:**

- कार्यक्रमको शुरुमा सबन्धित अस्पतालहरूलाई केही बजेट पेश्की को रूपमा उपलब्ध गराईनेछ ।
- प्रत्येक ३/३ महिनामा *अनुसूची ४ र ५* बमोजिम प्राप्त अभिलेख प्रतिवेदनको आधारमा उपचारात्मक सेवा महाशाखाले सोध भर्ना गर्नेछ।
- खर्च रकम सोधभर्नाको लागि पेश गर्दा इकाई मूल्य स्वास्थ्य बीमा बोर्डको अधिकतम मूल्य भन्दा बढी हुनु हुने छैन ।
- कार्यक्रम सञ्चालन गर्ने संस्थाले प्रचलित ऐन नियम बमोजिम खर्च तथा लेखा परीक्षण गराउनु पर्नेछ ।

(९)**सार्वजनिकरण गर्नुपर्ने**प्रत्येक दिन आकस्मिक कक्षमा निःशुल्क उपचार सेवा लिएका सेवाग्राहीहरुको विवरण गोपनीयतामा आँच नआउने गरि अस्पतालको प्रशासनिक फाँट/ आकस्मिक कक्ष वा सम्पूर्ण सेवाग्राहीले देख्ने ठाउँमा टाँस गर्नु पर्दछ।

## ४.गरिब तथा विपन्न वर्गका लागि निःशुल्कआकस्मिक सेवा कार्यक्रमको अनुगमन तथा निरीक्षण :

कार्यक्रमको अनुगमन तथा निरीक्षण संघ र प्रदेशका सम्बन्धित निकायहरूले आवश्यकता अनुसार कम्तिमा बर्षमा दुई पटक गर्नु पर्ने छ । सो अनुगमनको प्रतिवेदन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गर्नु पर्ने छ ।

## अनुसूची १

(दफा २ (क) संग सम्बन्धित)

गरिब तथा विपन्न वर्गलाई केन्द्रीय अस्पतालहरूबाट प्रारम्भिक चरणको आकस्मिक स्वास्थ्य सेवा निःशुल्क कार्यक्रमको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट छनौट भएका अस्पतालहरू (आ.व. २०७७/७८ को लागि)-

| | |
|---|---|
| • त्रि.वि. शिक्षण अस्पताल<br>• मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर<br>• बि.पि.कोईराला लायन्स सेन्टर फर अप्थाल्मिक स्टडीज<br>• कान्ति बाल अस्पताल<br>• राष्ट्रिय ट्रमा सेन्टर<br>• बीर अस्पताल<br>• शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र | • कोशी अस्पताल<br>• नारायणी अस्पताल<br>• भरतपुर अस्पताल<br>• पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान<br>• भेरी अस्पताल<br>• सुर्खेत प्रादेशिक अस्पताल<br>• डडेलधुरा अस्पताल<br>• महाकाली प्रादेशिक अस्पताल |

## अनुसूची ३ :

(दफा ३(५) संग सम्बन्धित)

नेपाल सरकारबाट गरिब तथा विपन्न
वर्गका लागि निःशुल्क आकस्मिक सेवा

**अनुसूची ३ः**

(दफा ३(७) संग सम्बन्धित)

**आकस्मिक सेवा कक्ष......................अस्पताल**

**गरिब तथा विपन्न वर्गलाई वर्ग निःशुल्क आकस्मिक स्वास्थ्य सेवा कार्यक्रमको अभिलेख**

| S. No | Date | Name of the patient | Age/sex | Address/ Mobile number | Provisional diagnosis | Treatment given | Outcome | Sig Treating Doctor / Mobile No. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

तयार गर्नेः
नामः
पदः
दस्तखतः

सदर गर्ने ः
नामः
पदः
दस्तखतः

**<u>अनुसूची ४ः</u>**

(दफा ३(७) संग सम्बन्धित)

**नेपाल सरकार**

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

**....................... अस्पताल**

**गरिब तथा विपन्न वर्गलाई लागि निःशुल्क आकस्मिक सेवा मासिक/वार्षिक प्रतिवेदन फाराम**

आ.व...........महिना ..............

| निशुल्क आकस्मिक सेवाका सेवाग्राहीहरू | महिला | पुरुष | अन्य | जम्मा |
|---|---|---|---|---|
| | | | | |

<u>तयार गर्नेः</u>

नामः

पदः

दस्तखतः

<u>सदर गर्ने :</u>

नामः

पदः

दस्तखतः

**अनुसूची ५:**

(दफा ३(७) संग सम्बन्धित)

**निःशुल्क आकस्मिक सेवामा भएको खर्चको विवरण (आर्थिक प्रशासन प्रयोजनको लागि):**

**..................... अस्पताल**

| क.स. | सेवाको किसिम | **सेवा पाएका सेवाग्राहीहरुको संख्या (मासिक)** | **खर्चको विवरण (मासिक)** | कैफियत |
|---|---|---|---|---|
| १. | टिकट/दर्ता | | | |
| २. | प्रयोगशाला सेवा | | | |
| ३. | Radiology सेवा | | | |
| ४. | औषधि | | | |
| ५. | आकस्मिक कक्षमा हुने Minor OT, Procedures | | | |
| ६. | Bed Charge | | | |
| ७. | आवश्यक सामाग्रीहरू | | | |
| | जम्मा : | | | |

तयार गर्ने:

नामः

पदः

दस्तखतः

सदर गर्ने :

नामः

पदः

दस्तखतः